प्रारम्भिक बालविकास केन्द्रको

# राष्ट्रिय न्यूनतम् मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७

(National Mimimum Standard for ECD Centers)

प्रथम संशोधन, २०७५

**शिक्षा मन्त्रालय**
**शिक्षा विभाग**
**सानोठिमी, भक्तपुर**

**प्रकाशक**
नेपाल सरकार
शिक्षा विभाग
सानोठिमी, भक्तपुर

@ **सर्वाधिकार**

शिक्षा विभाग
प्रारम्भिक बालविकास शाखा

प्रारम्भिक बालविकास केन्द्रको
राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका
पहिलो संशोधन, २०७५

यो पुस्तक प्रारम्भिक बालविकास तथा पूर्वप्राथमिक शिक्षाको कार्यान्वयनकर्ता वा सरोकारवालाहरूका लागि तयार गरिएको हो ।

# प्राक्कथन

बालबालिकाको सर्वाङ्गिण विकासका लागि बालविकास केन्द्रको महत्त्वपूर्ण योगदान रहेको छ । नेपालमा सन २००० अघि सामान्य कार्यक्रमको रूपमा सञ्चालित यस कार्यक्रमले सबैका लागि शिक्षा कार्यक्रमको विश्व घोषणापछि  ठूलो प्राथमिकता पायो । सोहीअनुसार यसले नेपालको 'सबैका लागि शिक्षा' सम्बन्धी राष्ट्रिय कार्ययोजना २००३ मा पहिलो लक्ष्यको रूपमा  स्थान पाई यसको व्यापक विस्तार हुन थालेको कुरा सबैमा स्पष्ट छ । नेपालको संविधानमा बालबालिकाहरूको हक अन्तर्गत प्रारम्भिक बालविकासको हक उल्लेख भएबाट यसको संवैधानिक सुनिश्चितता भएको छ । शिक्षा ऐनको आठौं संशोधनबाट प्रारम्भिक बालविकास अब विद्यालय शिक्षाको संरचनाभित्र प्रविष्ट भइसकेको छ । नेपाल सरकार प्रारम्भिक बालविकास कार्यक्रम र पूर्वप्राथमिक शिक्षा मार्फत् आधारभूत तथा प्राथमिक शिक्षामा बालबालिकाहरूको पहुँच सुनिश्चित गर्न प्रतिवद्ध छ । प्रारम्भिक बालविकासको अनुभव लिएर कक्षा एकमा भर्ना भएका बालबालिकाहरूको टिकाउ दर बढेको, शैक्षिक उपलब्धि वृद्धि भएको तथ्य कार्यान्वयनकर्ताहरूको भनाइ तथा अनुगमनबाट उजागर भइसकेको छ ।

विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३/०७४-२०७९/०८०) ले ५ वर्षमुनिका बालबालिकाहरूका शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक, तथा नैतिक क्षमताको विकास गर्न प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षालाई अधिकारमा आधारित बनाई विद्यालय प्रवेशको तयारी गराउने भनी उद्देश्य निर्धारण गरेको छ । पहुँच विस्तारका साथै मुलुकभरि सञ्चालित प्रारम्भिक बालविकास केन्द्रको गुणस्तर वृद्धि गर्नु आवश्यक देखिन्छ । यसका लागि यस योजनामा न्यूनतम मापदण्डलाई अनुगमन तथा निरीक्षणको मूल आधार मानिएको छ । यसकारण पनि अद्यावधिक प्रारम्भिक बालविकास न्यूनतम मापदण्डको आवश्यकता स्पष्ट रूपमा बोध गर्न सकिन्छ ।

हाल देशभरिमा नेपाल सरकार, शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत अनुदान जाने गरी सञ्चालित बालविकास केन्द्रहरू बालबालिकाहरूको पहुँच विस्तारको हिसाबले उल्लेख्य रहेका छन् । बालविकास केन्द्रहरूको गुणात्मक स्तरोन्नति आज चुनौतीजस्तो भएको छ ।  कतिपय बालविकास केन्द्रहरूमा भौतिक, शैक्षिक, मानवीय, आर्थिक जस्ता विभिन्न पक्षमा अपेक्षाकृत सुधार तथा विकास हुन नसकेका कारण बालविकास केन्द्रले दिन सक्ने सेवामा प्रभाव परिरहेको छ । प्रारम्भिक बालविकासका क्षेत्रमा सहयोग गर्न विभिन्न सहयोगी निकायहरू लागि परिरहेको सूचना आए पनि केन्द्रको आवश्यकता सम्वोधन हुने गरी ठोस कार्य हुन नसकेको अवस्था अझै विद्यमान छ । साथै वि.सं २०६७ सालमा विकास गरी जारी गरिएको प्रारम्भिक बालविकास न्यूनतम मापदण्डमा उल्लेखित कतिपय सूचक तथा आधारहरू समसामयिक बनाउनु पर्ने परीप्रेक्ष्यमा मौजूदा मापदण्डलाई परिमार्जन गर्ने कार्य गरिएको छ । यसबाट प्रारम्भिक बालविकास केन्द्रहरूको व्यवस्थापन र गुणस्तरीय सञ्चालनका पक्षमा महत्त्वपूर्ण योगदान पुग्न जाने विश्वास गरिएको छ ।

बालविकास केन्द्रमा कार्यरत बालविकास शिक्षक वा सहजकर्ता, स्थानीय तहका प्रतिनिधि, विभिन्न संघसंस्था, विद्यालय व्यवस्थापन समिति, बालविकासका क्षेत्रमा कार्यरत विभिन्न विज्ञ तथा तालिम प्रदायकहरूका सुझावहरूलाई समेटेर राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका परिमार्जन गरेर सार्वजनिक गरेका छौं । यस कार्यमा समर्पित प्रारम्भिक बालविकास शाखा, शिक्षा विभाग र  सहयोग गर्ने सबै संघसंस्था र महानुभावहरूलाई धन्यवाद दिन चाहन्छु ।

बाबुराम पौडेल
महानिर्देशक
शिक्षा विभाग, सानोठिमी, भक्तपुर
२०७४ बैशाख, १६ गते

## प्रारम्भिक बालविकास केन्द्रको न्यूनतम् मापदण्ड कार्यान्वयन बारे जानकारी

मस्तिष्क विज्ञानसम्बन्धी अनुसन्धान, आर्थिक लगानी र प्रतिफलसम्बन्धी विभिन्न अध्ययन प्रतिवेदन र प्रारम्भिक बालविकाससम्बन्धी विभिन्न अनुसन्धानअनुसार प्रारम्भिक बालविकासमा भएको उचित लगानीले मात्र भविष्यमा मुलुक, समाज र घरपरिवारले अपेक्षा गरेअनुसारको जनशक्ति तयार हुन सक्ने देखिन्छ । विश्व बैंकको एक अध्ययनअनुसार प्रारम्भिक बालविकासमा एक अमेरिकी डलर लगानी गर्दा त्यसको प्रतिफल १७ अमेरिकी डलरसम्म भएको पाइएको छ । त्यस्तै, नेपालमा पनि बालविकास केन्द्रमा नियमित सहभागी भएका बालबालिकाहरूले कक्षा १ मा भर्ना भइसकेपछि कक्षामा नियमितता दर, कक्षा उत्तीर्ण दर, कक्षा छोड्ने र दोहोऱ्याउने दरका आधारमा, त्यही कक्षामा बालविकास केन्द्रमा सहभागी नभएका भन्दा राम्रो प्रतिफल प्राप्त गरेको कुरा बालविकास केन्द्र तथा विद्यालय अनुगमनका क्रममा उजागर भएका छन् ।
प्रारम्भिक बाल्यावस्थामा उचित विकास र सिक्ने अवसर पाउनु प्रत्येक बालबालिकाको पहिलो अधिकार हो । यस अधिकारको सुनिश्चित गर्नका निम्ति राज्यले बालविकाससम्बन्धी बिभिन्न कार्यनीति अबलम्बन गर्ने गर्छ । नेपालको संविधानले प्रारम्भिक बालबालिकाहरूका लागि प्रारम्भिक बालविकासको हक नै सुनिश्चित गरिसकेको छ ।

शिक्षा मन्त्रालय, शिक्षा बिभागले प्रारम्भिक बालविकास कार्यक्रम अन्तर्गत ४ वर्षका बालबालिकालाई लक्षित गरी समुदायमा आधारित बालविकास केन्द्र र विद्यालयमा आधारित बालविकास केन्द्र कार्यक्रम सञ्चालन गरेको छ । शिक्षा ऐनको आठौं संशोधनपछि प्रारम्भिक बालविकास विद्यालय शिक्षाको संरचनाभित्रसमेत आइसकेको छ । विद्यालय क्षेत्र विकास योजना (२०७३/०७४-२०७९/०८०).ले “प्रारम्भिक बालविकासलाई ‘५ वर्षमुनिका बालबालिकाको शारीरिक, सामाजिक-संवेगात्मक, संज्ञानात्मक, आध्यात्मिक तथा नैतिक क्षमताको विकास गरी प्रारम्भिक बालशिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षालाई अधिकारमा आधारित बनाउनु र विद्यालय प्रवेशको तयारी गराउनु” प्रारम्भिक बालविकासको उद्देश्यको रूपमा आत्मसाथ गरेको छ । साथै ‘निर्देशिका मार्फत न्यूनतम मापदण्ड निर्धारण र प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षाका न्यूनतम मापदण्ड पूरा गरे नगरेको सम्बन्धमा विद्यालय व्यवस्थापन समितिबाट अनुगमन तथा निरीक्षण गराई सबै प्रारम्भिक बालशिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा कार्यक्रमहरूलाई प्राविधिक तथा प्रशासनिक सहयोग उपलब्ध गराउने” भनी गुणस्तर वृद्धिका लागि रणनीति निर्धारण गरेको छ । यस अर्थमा न्यूनतम मापदण्ड प्रारम्भिक बालविकासको मानकको रूपमा विकास गर्नु पर्ने औचित्य पुष्टि हुन्छ ।

### बालविकास केन्द्रमा तथा पूर्बप्राथमिक कक्षाको न्यूनतम् स्तरको औचित्य

‘सबैका लागि शिक्षा’ को कार्यनीति अन्तर्गत सञ्चालित बालविकास केन्द्रको द्रुत गतिमा भएको विस्तार र त्यसपछिका शिक्षा योजनाहरू विद्यालय क्षेत्र सुधार कार्यक्रम र हाल सञ्चालित विद्यालय क्षेत्र विकास कार्यक्रमले प्रारम्भिक बालविकासको पहुँच विस्तार र सेवामा पहुँच बढाएका कारण ४ वर्ष उमेर समूहका बालबालिकाको बालविकाससम्बन्धी सेवाको उल्लेख्य रूपमा पहुँचमा वृद्धि भएको छ तर आवश्यकता अनुसारको आर्थिक र मानवीय श्रोतको उचित व्यवस्थापनको अभाव भएको राष्ट्रियस्तर मै महसुस गरिएको छ । बालविकास केन्द्र र पूर्वप्राथमिक कक्षाको गुणस्तरमा आवश्यक सुधार गर्नुपर्ने तथ्यलाई महसुस गरी बालविकास केन्द्र र पूर्वप्राथमिक कक्षा न्यूनतम् स्तर कायम गर्ने नीति लिइएको छ ।

## प्रारम्भिक बालविकास केन्द्रको न्यूनतम् राष्ट्रिय मापदण्ड कायम गर्नुको उद्देश्यहरू

१. बालविकास केन्द्र र पूर्वप्राथमिक कक्षाहरूमा एकरूपता ल्याउने,

२. बालविकास केन्द्र र पूर्वप्राथमिक कक्षाको गुणात्मक सुधार गर्ने,

३. बालविकास केन्द्रमा कार्यक्रमको सहयोगमा प्रभावकारी रूपमा वृद्धि गर्ने,

४. बालविकास केन्द्र/पूर्वप्राथमिक कक्षामा सहयोग गर्ने सबै संस्थाहरूबाट न्यूनतम् आवश्यकता वा सहयोगमा एकरूपता ल्याउने,

५. बालविकास केन्द्र र पूर्वप्राथमिक कक्षा अनुगमन गर्न सहयोग गर्ने,

६. केन्द्र र पूर्वप्राथमिक कक्षामा सहयोग गर्ने समुदाय र सहजकर्ताले स्व-मूल्याङ्कन गरी केन्द्र र पूर्वप्राथमिक कक्षा सुधारको कार्ययोजना बनाउन सहज बनाउने ।

७. बालविकास केन्द्र/पूर्वप्राथमिक कक्षासम्बन्धी नीति निर्माता, योजनाकर्ता, कार्यान्वयनकर्ता तथा अनुगमनकर्ताहरूका लागि आधार तयार गर्ने ।

## बालविकास केन्द्र/पूर्वप्राथमिक कक्षाको न्यूनतम् राष्ट्रिय मापदण्ड अवलम्बन गर्न निम्न कार्यनीतिहरू तय गरिएको छ :

यो बालविकास केन्द्र/पूर्वप्राथमिक कक्षा न्यूनतम् स्तरलाई बालविकास केन्द्र सञ्चालन गर्न सहयोग गर्ने सबै संस्थाहरू सरकारी र गैरसरकारी संस्था, विद्यालय, विभिन्न किसिमका संस्थाहरू, शिक्षक, केन्द्र सहजकर्ता, बालविकास कार्यक्रम अनुगमनकर्ताहरूले यस बालविकास केन्द्रको न्यूनतम् स्तरलाई केन्द्र सञ्चालनको मूल निर्देशिकाको रूपमा प्रयोग गर्नुपर्ने छ । बालविकास केन्द्र/पूर्वप्राथमिक कक्षाको न्यूनतम् स्तर कायम गर्न निम्न कार्य गर्नु पर्नेछ :

१. बालविकास केन्द्र र पूर्वप्राथमिक कक्षाको हालको स्तर पहिचान सर्वेक्षण गरी हालको अवस्था पत्ता लगाउने,

२. हालको स्थितिको आधारमा बालविकास केन्द्र/पूर्वप्राथमिक कक्षालाई क स्तर, ख स्तर र ग स्तर गरी तीन बर्गमा वर्गीकरण गर्ने,

३. न्यूनतम् स्तरको विभिन्न वर्गअनुसार आवश्यक सहयोग गर्न कार्ययोजना बनाउने,

४. कार्ययोजना अनुसार विभिन्न संस्थाहरू र सरकारी स्तरबाट बालविकास केन्द्र/पूर्वप्राथमिक कक्षालाई न्यूनतम् स्तरमा पुऱ्याउन आवश्यक सहयोग उपलब्ध गराउने ।

**बालविकास केन्द्र न्यूनतम् राष्ट्रिय मापदण्ड बनाउने क्रममा निम्न प्रक्रियाहरू अपनाइएको थियो ।**

१. शिक्षा विभागले ECD Network Group सँग बालविकास केन्द्रको न्यूनतम् मापदण्ड बनाउने विषयमा विभिन्न चरणमा छलफल सम्पन्न गरिएको,
२. शिक्षा विभागको निर्देशकको नेतृत्वमा बालविकास केन्द्र न्यूनतम् मापदण्ड बनाउन एउटा कार्यदल गठन गरियो । कार्यदलमा Save the Children, Plan Nepal, UNICEF, CERID, Seto Gurans रहेका,
३. शिक्षा विभागको निर्देशकको नेतृत्वमा पूर्व, पश्चिम र मध्य क्षेत्रमा बालविकास कार्यक्रमको अध्ययन गरिएको,
४. अभिभावक, सहजकर्ता, विद्यालय व्यवस्थापन समिति, जिल्ला शिक्षा अधिकारी, स्रोतव्यक्ति, जिल्लामा कार्यरत UNICEF, Save the Children, World Vision, Seto Guras का व्यक्तित्वहरूसँग छलफल र सल्लाह गरी सुझाव संकलन गरिएको,
५. राष्ट्रिय स्तरमा बालविकास केन्द्र न्यूनतम् मापदण्ड कार्यशाला गोष्ठी आयोजना गरिएको,
६. राष्ट्रिय कार्यदल गठन,
७. लेखन समूह गठन,
८. स्रोत सामग्री अध्ययन र विभिन्न देशको सामग्री अध्ययन,
९. पहिलो मस्यौदा लेखन कार्य,
१०. पुनः छलफल गरी र छलफलबाट आएको सुझाब समावेश,
११. विभिन्न जिल्लामा कार्यरत प्राविधिकहरूसँग छलफल गरी र उनीहरूको सुझाव सल्लाह पुनः समावेश गरियो,
१२. पुनः राष्ट्रिय गोष्ठी गरी सुझाव सङ्कलन तथा सुझाव समावेश,
१३. अन्तिम मस्यौदा तयार गरी शिक्षा विभागमा पेश गरियो ।

**बालविकास केन्द्र न्यूनतम् राष्ट्रिय मापदण्ड, २०६७ लाई परिमार्जन गर्ने क्रममा निम्न प्रक्रियाहरू अपनाइएको छ ।**

१. शिक्षा विभागमा सम्बन्धित निर्देशकको संयोजकत्वमा मापदण्ड परिमार्जन कार्यदल गठन
२. शिक्षा विभागले ECD Network Group सँग बालविकास केन्द्रको न्यूनतम् मापदण्ड परिमार्जन गर्ने विषयमा विषयमा विभिन्न चरणमा छलफल तथा अन्तरक्रिया सम्पन्न गरिएको,
३. नेपालगञ्जको अभिभावक शिक्षा सम्बन्धी कार्यशालामा न्यूनतम मापदण्ड परिमार्जनको विषयमा छलफल र पृष्ठपोषण लिइएको,
४. शिक्षा विभागको प्रारम्भिक बालविकास शाखाबाट गरिएका अनुगमनहरूमा न्यूनतम मापदण्ड परिमार्जनका सम्बन्धमा बालविकास केन्द्रका शिक्षक र व्यवस्थापन समिति, जिल्ला शिक्षा कार्यालयका केन्द्रव्यक्ति, स्रोतव्यक्ति, विद्यालय निरीक्षक र प्रधानाध्यापकहरूसँग छलफल गरी पृष्ठपोषण लिइएको
५. राष्ट्रिय स्तरमा बालविकास केन्द्र न्यूनतम् मापदण्ड परिमार्जन कार्यशाला गोष्ठी आयोजना गरिएको,
६. स्रोत सामग्री अध्ययन र विभिन्न देशको सामग्री अध्ययन,
७. पुनः प्रारम्भिक बालविकास राष्ट्रिय सञ्जालको बैठकबाट अन्तिमीकरण गरिएको
८. अन्तिम मस्यौदा तयार गरी शिक्षा विभागमा पेश गरिएको ।

# प्रारम्भिक बालविकास केन्द्र / पूर्वप्राथमिक कक्षाको परिचय

## पृष्ठभूमी :

बालविकास कार्यक्रम सञ्चालनको क्रममा बालविकास केन्द्र स्थापनालाई प्रमुख क्रियाकलापको रूपमा लिइएको छ । ४ वर्ष उमेर समूहका बालबालिकाको सर्वाङ्गीण विकास र कक्षा एकको तयारी तथा सिकाइको आधारशिला निर्माणको रूपमा यस कार्यक्रमलाई प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक कक्षाको रूपमा सञ्चालन गर्ने नीतिगत प्रावधान रहेको छ । यसै सन्दर्भलाई हेर्दा पूर्वप्राथमिक कक्षा/प्रारम्भिक बालविकास केन्द्रको विस्तार द्रुततर गतिमा वृद्धि भएको पाइन्छ तर बालविकास केन्द्रहरूको गुणस्तर कायम गर्ने विषयमा थप कार्य गर्नु पर्ने आवश्यकता वोध हुँदै गइरहेको छ । यसै सन्दर्भमा प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड, २०६७ को कार्यान्वयन गर्ने विषयमा थप गम्भीरता आवश्यक देखिएको छ । प्रारम्भिक बालविकास तथा पूर्वप्राथमिक शिक्षा शिक्षाको औपचारिक संरचना भित्र आइसकेको र  मुलुक पुनसंरचित भई संघीय शासन प्रणालीमा रूपान्तरण भई माध्यमिक शिक्षासम्मको जिम्मेवारी स्थानीय तहमा गइसकेको सन्दर्भमा न्यूनतम मापदण्ड सबै बालविकास केन्द्रहरूमा एकरूपता कायम गर्न गराउन र गुणस्तर वृद्धिमा उपयोगी साधन हुन सक्ने विश्वास गर्न सकिन्छ । २०६७ सालमा विकसित यस मापदण्डलाई बदलिँदो परिवेशमा व्यवस्थाभएको नीतिनियम र कार्यानुभवका आधारमा परिमार्जन गर्ने प्रयास गरिएको छ ।

## बालविकास कार्यक्रमको परिचय

बालविकास केन्द्रमा बालबालिकाले भविष्यमा आफूले जान्न र सिक्नु पर्ने धेरै विषयहरूलाई खेल, बाल गीत, कथा, कुराकानी, अवलोकन, चित्र, नाटक जस्ता विभिन्न क्रियाकलापको माध्यमबाट अवधारणागत रूपमा स्पष्ट गरिन्छ । सानै उमेरमा अवधारणा स्पष्ट भएमा बालबालिकाले पछि विद्यालयमा सिकाउने कुनै पनि विषयलाई राम्रो बुझ्न सक्छन् र बीचैमा विद्यालय छोड्ने क्रम घट्न जान्छ । यस केन्द्रमा शिशुको मानसिक, शारीरिक, सामाजिक संवेगात्मक विकास गर्न यथेष्ट मौका प्रदान गरिन्छ । बालविकास केन्द्र प्रारम्भिक बाल्यावस्थाको विकाससम्बन्धी अधिकार सुनिश्चित गर्ने एउटा बलियो माध्यम हो । हालसम्म बालविकास केन्द्र समुदाय र विद्यालयमा आधारित भएर सञ्चालित हुँदै आएका छन् । शिक्षा ऐनको आठौं संशोधन २०७४ पछि प्रारम्भिक बालशिक्षा तथा पूर्वप्राथमिक शिक्षा विद्यालय शिक्षाको अभिन्न अङ्गको रूपमा स्थापित भएको छ ।

## प्रारम्भिक बालविकास पाठ्यक्रमको मुख्य लक्ष्य र सक्षमताः

प्रारम्भिक बालशिक्षा पाठ्यक्रम २०७४ अनुसार यसको लक्ष्य र सक्षमता देहायअनुसार रहेको छ ।

### लक्ष्य

प्रारम्भिक बालशिक्षा पाठ्यक्रमका लक्ष्यहरू निम्नानुसार रहेका छन् :

(अ)  बालबालिकाको सर्वाङ्गिण विकास

(आ) सिकाइको लागि आधारशिला निर्माण

### (ख) सक्षमता

प्रारम्भिक बालशिक्षा पाठ्यक्रमको सक्षमताहरू निम्नानुसार छन् :

१. सर्वाङ्गिण विकासका क्रियाकलापमा संलग्नता

२. पोषणयुक्त खाना र स्वस्थकर बानी विकास

३. वैयक्तिक सुरक्षाका उपायहरू अवलम्वन

४. सरसफाइ र सामाजिक बानी व्यवहारको अवलम्बन

५. सिर्जनात्मक सोचको विकास

६. भाषिक तथा सञ्चार सिपको विकास ।

## प्रारम्भिक बालविकास तथा पूर्वप्राथमिक शिक्षाको उद्देश्य

४ वर्ष उमेर पुगेका बालबालिकाहरूको सर्वाङ्गीण विकासको अधिकार सुनिश्चित गरी कक्षा १ को लागि तयार गराउनु नै हो ।

## बालविकास केन्द्रको उद्देश्य :

१. बालबालिकाको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक विकास गर्ने,

२. बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाई स्थिति सुधारमा सहयोग गर्ने,

३. बालबालिकालाई क्रियाशील बनाई सिर्जनशील हुन प्रेरित गर्ने,

४. कक्षा १ मा पढ्नका लागि तयार बनाउने

## प्रारम्भिक बालविकास तथा पूर्वप्राथमिक शिक्षा

प्रारम्भिक बालविकास तथा पूर्वप्राथमिक शिक्षा ४ वर्ष उमेर पुगेका बालबालिकाहरूका लागि एक वर्षको कार्यक्रम हो । यस कार्यक्रमको लक्ष्य उल्लेखित उमेर समूहका बालबालिकाहरूका (सर्वाङ्गीण विकास) शारीरिक, मानसिक, सम्वेगात्मक, भाषिक, सामाजिक, नैतिक तथा चारित्रिक विकासमा सहयोग पुऱ्याउने तथा आधारभूत शिक्षाको कक्षा १ मा प्रवेश गराउने तयारी गनु हो । तसर्थ प्रारम्भिक बालविकास तथा पूर्वप्राथमिक कक्षा वा केन्द्रहरू बालबालिकाहरूका लागि साक्षरतामूलक गतिविधिका व्यवस्था गरिएका होइनन् । यी कक्षा तथा केन्द्रबाट बालबालिकाहरूले रमाइलो वातावरणमा खेल, गीतसङ्गीत, अभिनय, भ्रमण, आदि मनोरञ्जनात्मक तवरले व्यवहारिक सीप  हासिल गर्छन् जसले गर्दा उनीहरूको सर्वाङ्गीण विकासमा सहयोग पुग्नुका साथै औपचारिक सिकाइका लागि मजबूत आधार तयार हुन्छ । यस्ता केन्द्रहरू बालबालिकाहरूका लागि  १० देखि १५ मिनेटको पैदलदूरीमा रहनु आवश्य पर्दछ ।

एउटा विद्यालयमा वा समुदायमा २५ जनासम्मको लागि छुट्टै एउटा कक्षाकोठा र १ जना छुट्टै तालिम प्राप्त सहजकर्ताको व्यवस्था गरी दैनिक ४.३० घण्टाका दरले हप्तामा ६ दिनसम्म बालबालिकाको स्तर सुहाउँदो क्रियाकलापद्वारा बालबालिकाको चौतर्फी विकास र कक्षा १ को निमित्त तयारी गरिन्छ । प्रारम्भिक बालविकास वा पूर्वप्राथमिक उमेरसमूहका बालबालिकाहरूलाई कक्षा १ मा राखेर पढाई गर्ने कार्य यसमा हुँदैन । यस तह वा उमेरका बालबालिकाहरूको क्रियाकलाप गर्ने कोठा, खेल्ने स्थान, शौचालय, धारा र अन्य सरसफाइका साधन केन्द्र वा विद्यालयमा व्यवस्थित रूपले व्यवस्था गर्नुपर्छ ।

# प्रारम्भिक बालविकास केन्द्र र पूर्वप्राथमिक कक्षाको न्यूनतम् मापदण्ड

| क्षेत्र | उप-क्षेत्र | न्यूनतम् मापदण्ड | आदर्श मापदण्ड |
|---|---|---|---|
| **भौतिक पूर्वाधार** | **घर कटेरो वा कोठा** | • बालविकास केन्द्र /पूर्वप्राथमिक कक्षा बालबालिका को घरबाट १० देखि १५ मिनेटको पहुँचमा हुनु पर्नेछ<br>• बालविकास केन्द्र/पूर्वप्राथमिक कक्षाको कोठा साइज निम्नानुसार हुनु पर्ने छ।<br>पहाड र हिमालः २६ फिट, X १६ फिट X ८ फिट<br>तराईः लम्बाइ २६ फिट X १६ फिट X १० फिट<br>केन्द्र/कक्षा वा कोठा उज्यालो प्रकाश आउने, हावा आवतजावत हुनसक्ने, स्थानीय वातावरण अनुकूल कम्तीमा ४ ओटा झ्याल तथा एउटा ढोका भएको ताला लगाउन मिल्ने बनाएको हुनु पर्नेछ।<br>• कक्षाकोठामा बालबालिकाको स्वास्थ्यलाई अनुकूल तापक्रम ( जाडोमा घाम आउने गर्मीमा हावा पस्ने भएको कोठा हुनु पर्नेछ।<br>• कोठाको क्षेत्रफल उपस्थित बालबालिकालाई स्वतन्त्र रूपले बस्न, चल्न, खेल्न तथा सुत्न पुग्ने हुनु पर्ने छ।<br>• बालविकास केन्द्र वा पूर्वप्राथमिक कक्षा खुल्ला इनार, पोखरी, भीर र खोलाबाट सुरक्षित स्थानमा स्थापना भएको हुनु पर्नेछ।<br>• विद्यालयको हाताभित्र बालविकास केन्द्र अथवा पूर्व प्राथमिक कक्षा सञ्चालन गर्नु पर्ने भएमा विद्यालयले बाल विकास केन्द्रको लागि छुट्टै भवन वा कोठा उपलब्ध गराउनु पर्नेछ।<br>• यदि विद्यालय दुई तले भएमा बालविकास केन्द्रका लागि भुई तल्लामा कोठा उपलब्ध गराउनु पर्नेछ।<br>• बालविकास केन्द्रका लागि विद्यालयमा अलग्गै खेल्ने ठाउँ तथा बालबालिका सुहाउँदो शौचालयको व्यवस्था गर्नु पर्नेछ।<br>• बाल विकास केन्द्र/कोठामा जानको लागि अपाङ्गता मैत्री पूर्वाधार बनाउनुपर्नेछ। | कम्तीमा प्रति बालबालिकाको लागि २.०० वर्गमिटर क्षेत्रफलको कोठा |

| क्षेत्र | उप-क्षेत्र | न्यूनतम् मापदण्ड | आदर्श मापदण्ड |
|---|---|---|---|
| | **कक्षा र कोठाको वातावरण व्यवस्था** | **कक्षा कोठा** :<br>• कम्तिमा ५ जनाको ५ ओटा सानो-सानो समूह र २० देखि २५ जना बालबालिको ठूलो समुहलाई स्वतन्त्र रूपले बस्न, चल्न, खेल्न, नाँच्न, घेरामा बसेर छलफल गर्न उपयुक्त ठाउँ हुनु पर्नेछ। सबै खाले क्षमता भएका बालबालिकाको लागि कोठा सफा, सुरक्षित, आकर्षित र सजिलै हिँड्डुल गर्न सकिने हुनु पर्नेछ।<br>• उमेरअनुसार शैक्षिक खेल सामग्री बालबालिकाको पहुँच हुने गरी सिकाई क्षेत्र अनुरूप रूपले र्‍याकमा राखिएको हुनु पर्नेछ।<br>• प्रत्येक सिकाइ क्षेत्रका लागि सामान राख्ने छुट्टाछुट्टै र्‍याकको व्यवस्था गर्ने साथै बच्चाको व्यक्तिगत सामान राख्न छुट्टै र्‍याकको व्यवस्था हुनु पर्नेछ।<br>• बाल शिक्षकको लागि सामग्री सुरक्षित गर्न छुट्टै दराजको व्यवस्था गर्नुपर्नेछ।<br>• विषयवस्तुअनुसारको सिकाइ सामग्रीहरू र्‍याकमा सजाएर राखिएको हुनुपर्नेछ। अन्य सामाग्रीहरू सुरक्षित रूपमा राखिनु पर्नेछ। कक्षा सञ्चालन गर्दा विषयवस्तुअनुसार आवश्यक सामग्रीहरू स्थानीयस्तरमा उपलब्ध हुनसक्ने डालो, नाङ्लो जस्ता सामग्रीमा राख्ने र आवश्यक्ता अनुसार झिकेर प्रयोग गर्नु पर्ने छ।<br>• बालबालिकाले तयार पारेका सामग्रीहरू सबै केटाकेटीले देख्नेगरी बालबालिकाको आँखाको लेभलमा भित्तामा टाँस्नु पर्नेछ। पाटीको साइज कम्तीमा ३ फिट लम्बाई र १.५ फिट उचाईको हुनुपर्ने छ। पाटी कुनैपनि किसिमको स्थानीय सामग्री प्रयोग गरी बनाउन सकिनेछ।<br>• सहजकर्ताले सिकाईको लागि प्रयोग गर्ने पोष्टर या चित्र राख्नका लागि बच्चाको आँखाको उचाइमा रहने गरी एउटा ४ फिट लम्बाई र ३ फिट उचाईको नरमपाटीको व्यवस्था हुनुपर्नेछ।<br>• कक्षाकोठामा व्यवस्थित रूपले बालबालिकालाई खेल्न बाटामा ढोका बाहिर पानी र माटोका व्यवस्था गरी खेल्न दिएको हुनु पर्नेछ।<br>• कक्षा कोठाको भित्र वा बाहिर पट्टी बाटामा वा ५ इन्च उचाइको घेरा बनाएर बालुवा राख्ने व्यवस्था गर्नुपर्नेछ। छेउमा हात धुन साबन पानीको व्यवस्था गर्नुपर्नेछ।<br>• कक्षाकोठाको चारैतिर बालबालिकाले लेख्न मिल्ने उचाइमा कालोपाटीको व्यवस्था हुनु पर्नेछ।<br>• कक्षाकोठाभित्र भित्तामा विषयवस्तुमा आधारित पोष्टर टाँसिएको हुनु पर्नेछ।<br>• कक्षाकोठा रमाइलो बनाउन विभिन्न खेल्ने सामग्रीका साथै मौसम,बार, अनि दिनहरूको चार्ट तथा घडी र अन्य सामग्रीहरू बालबालिकाले देख्ने गरी राख्नुपर्नेछ। | आवश्यकताअनुसारको आधुनिक सूचना, प्रविधि तथा मनोरञ्जनयुक्त साधनसहिको कक्षाकोठा<br><br>४ फिट लम्बाई र २ फिट उचाईको २ वटा पाटी |

<table>
<tr><th>क्षेत्र</th><th>उप-क्षेत्र</th><th>न्यूनतम् मापदण्ड</th><th>आदर्श मापदण्ड</th></tr>
<tr><td></td><td>**बसाइको व्यवस्था**</td><td>
● अन्य सामग्रीहरू बालबालिकाले देख्ने गरी राख्नुपर्नेछ।<br>
● स्थानीय स्तरमा उपलब्ध सामग्रीहरू जस्तोः साना साना ढुङ्गा, कपडाको टुक्रा, छेस्का, बीउबिजन, मौसमअनुसारका बोटविरुवा, स्थानीय स्तरमा उपलब्ध खेलौना संकलन गर्ने र उपयुक्त सिकाइ क्षेत्रमा व्यवस्थित गरी राखिएको हुनुपर्नेछ ।<br>
● बालबालिकाले प्रयोग गर्ने सामग्री उनीहरू आफैले झिक्न र राख्न सक्ने गरी व्यवस्था गरिएको हुनुपर्नेछ<br>
● बालबालिकालाई भुँईको चिसो र फोहोरले असर नपर्ने गरी बसाइको लागि गुन्द्री/नरम चकटी/ पार्केटिङ सहितको फल्याकको व्यवस्था गरिएको हुनु पर्नेछ ।<br>
● कोठाको क्षेत्रफल लम्बाइ १८ फिट र चौडाइ १६ फिटभन्दा बढी भएमा मात्रे ५ जनाको निम्ति एउटा होचा टेबल र प्रत्येक बालबालिकालाई १।१ ओटा स-साना भुँईबाट ८ इन्च उचाइमा रहने गरी हलुका कुर्चीको व्यवस्था गर्नु पर्नेछ ।<br>
● यदि कुर्सी टेबलको व्यवस्था गरिएको भए सो आवश्यकता अनुसार सजिलैसँग सार्न मिल्ने हुनु पर्नेछ ।<br>
● बसाइ व्यवस्था सानो समूहको क्रियाकलापलाई मिल्दो हुनु पर्नेछ ।<br>
● क्रियाकलाप अनुसार सानो तथा ठूलो समूहमा बस्न र समूह विभाजन गर्न मिल्ने बसाइ व्यवस्था हुनु पर्नेछ ।<br>
● बालबालिकाहरू एकअर्कासम्म सहजै पुग्न मिल्ने र हिड्डुल गर्न मिल्ने गरी बस्ने व्यवस्था गरिएको हुनु पर्नेछ
</td><td>सिकाइ क्षेत्र अनुसारको ६ वटा टेवल र ८ इन्च उचाइको कुर्सी</td></tr>
<tr><td></td><td>**सिकाइ क्षेत्रको व्यवस्था**</td><td>
केन्द्रको कोठाभित्र बालबालिकाले आफैं खेल्दै सिक्ने वातावरण बनाउन निम्न सिकाइ क्षेत्रको व्यवस्था गरिएको हुनु पर्नेछ :<br>
– भाषा सिकाइ क्षेत्र- जसमा बालकथा, बच्चाहरूलाई चित्रात्मक तथा अङ्क तथा अक्षरको ज्ञान हुने पुस्तिकाहरू, फलाटिन बोर्ड, विभिन्न चराचुरुङ्गी पशुपङ्क्षी, मानिसको मूर्ति<br>
– गणित सिकाइ क्षेत्र- अंक अंकित पजल, रङ्गीन डोमिनो, स्थानीय स्तरमा उपलब्ध हुने बियाँ, काठ तथा ढुङ्गाका सानासाना टुक्रा<br>
– अभिनय क्षेत्र- जसमा पुतली, भाँडाकुटी, सामानहरू<br>
– सिर्जनात्मक सिकाइ क्षेत्र- ब्लक, पजल, चित्र बनाउने, काट्ने, आकृतिहरू बनाउने, रङ्ग, ब्रुस, आकार साइज
</td><td>आरामको लागि हेरालुसहितको छुट्टै आरामगृह वा कोठाको व्यवस्था<br><br>सिकाइ क्षेत्रमा घुमी घुमी क्रियाकलाप गर्न सकिने गरी पर्याप्त स्थान</td></tr>
</table>

| क्षेत्र | उप-क्षेत्र | न्यूनतम् मापदण्ड | आदर्श मापदण्ड |
|---|---|---|---|
| | | मिलाउने, छुट्याउने, विभिन्न रङ्गको कागज, माटो, बालुवा, पानीको व्यवस्था गरिएको ।<br>– स्वावलम्बन सिकाइ क्षेत्र- जसमा तुना बान्ने, इजार बान्ने, उन्ने-बुन्ने सामाग्री, फस्नर लगाउने, हुक लगाउने, टाँक लगाउने सामग्रीहरू ।<br>– विज्ञान सिकाइ क्षेत्र- जसमा तराजु, स्केल, माटो, बालुवाजस्ता बालबालिकाहरूले अभ्यास गर्ने सामग्रीहरूको व्यवस्था ।<br>– बाल विकास केन्द्रमा पुस्तकालय क्षेत्र राख्नुपर्ने । र सो क्षेत्रमा उमेरअनुसारका चित्र, कथा, कविताका पुस्तक, स्थानीयस्तरमा अभिभावक तथा शिक्षक र विद्यार्थीको सहभागितामा निर्माण भएका सामग्रीहरू राखिएको । | |
| | **बाल शिक्षकले गर्नुपर्ने आवश्यक व्यवस्था** | • बाल शिक्षकले दैनिक कार्यतालिका; पोष्टर साईजमा बनाएर भित्तामा टाँसेको हुनुपर्ने छ । विषयवस्तु अनुरूपका गीत, कथा, चित्रहरू बालबालिकाले देख्ने गरी टाँसेको हुनुपर्छ ।<br>• पाठ्यक्रम, शिक्षण सहयोगी पुस्तिका बाल कथा र उमेर सुहाउँदो उपयोगी पुस्तकहरूको व्यवस्था गर्नु पर्नेछ ।<br>• प्रत्येक महिना –बालबालिकाको तौल तथा उचाइको नाप लिई अभिलेख राख्ने । उचाइ नाप्न बच्चालाई भित्तामा उभ्याई इन्चटेपको प्रयोग गरी नाप्ने व्यवस्था हुनु पर्नेछ ।<br>• अभिभावकलाई आफ्नो बालबालिकालाई अनिवार्य रूपमा खाजा घरबाटै पठाउन जानकारी गराउनु पर्नेछ ।<br>• बालबालिकाले ल्याएको खाजा समयमा तताएर खुवाउने व्यवस्था गरेको हुनु पर्नेछ । | बार अनुसारको खाजा तालिका बनाइ अभिभावकलाई सोहीअनुसार ल्याउन लगाएको हुनुपर्ने छ । |
| **स्वास्थ्य सरसफाइ पोषण र सुरक्षा** | **स्वास्थ्य र सरसफाइ** | • स्थानीय स्वास्थ्यकर्मीलाई केन्द्रमा बोलाइ बालबालिकाको स्वास्थ्य परीक्षण वर्षमा दुईपटक गर्ने (त्यसमध्ये एकपटक भर्नाको समयमा) अकौपटक बीचतिर) गराउने र बालबालिकाको स्वास्थ्य स्थितिको अभिलेख राख्नु पर्ने छ । ।<br>• प्राथमिक उपचारको बाकसको व्यवस्था हुनुपर्ने छ ।<br>• जसमा साधारण चोटपटक लाग्दा प्रयोग गर्ने औषधीहरू जस्तैः डिटोल, कपास, ब्याण्डेज, टेप, बेटाडिन उक्त बाकसमा राखिनु पर्ने । मुखबाट खाने कुनै पनि औषधि सो प्राथमिक उपचार बाकसमा राखिनु हुँदैन ।<br>• स्वास्थ्य चौकीबाट उपलब्ध गराइने नियमित स्वास्थ्य सेवा सुनिश्चित गर्नु पर्नेछ ।<br>• प्रत्येक बालविकास केन्द्रमा दैनिक रूपमा दुई प्रकारको सरसफाइ कार्यको व्यवस्था हुनुपर्ने छ । (१) वातावरणीय सरसफाइ : केन्द्र वा कक्षा वरिपरि बालबालिकाको सिकाइलाई जोड्दै कक्षा कोठा वरिपरि दैनिक सरसफाइ गरिनुपर्ने । | दीर्घरोग भएका बालबालिकाको उपचारको व्यवस्थापन सम्बन्धित स्थानीय तहले गर्न पहल गराउने । |

| क्षेत्र | उप-क्षेत्र | न्यूनतम् मापदण्ड | आदर्श मापदण्ड |
|---|---|---|---|
| | | (२) व्यक्तिगत सरसफाइ : प्रत्येक बालबालिकाको व्यक्तिगत सरसफाइ (मुख धुने, कपाल कोर्ने, दाँत माझ्ने, नङ काट्ने, हात धुने, सफा लुगा, जुत्ता लगाउने आदि आवश्यक कार्य) गराउने कार्य हुनुपर्ने छ ।<br>● स्थानीय स्वास्थ्य संस्थासँग समन्वय गरेर नियमित खोप दिने तथा आवश्यक भिटामिन दिने व्यवस्था भएको हुनुपर्ने छ<br>● समय समयमा बालबालिकालाई लाग्ने सरुवा रोग सम्बन्धी जानकारी अभिभावकहरूलाई दिइएको हुनु पर्ने छ । | |
| | **धारा पानी र शौचालयको व्यवस्था** | ● प्रत्येक बालबालिकाका लागि पुग्दो सफा, शुद्ध र सुरक्षित पिउने पानी तथा सरसफाईको लागि थप आवश्यक पानीको व्यवस्था गरेको हुनु पर्नेछ ।<br>● तोकिएको मापदण्डअनुसार बालबालिका सुहाउँदो शौचालयको व्यवस्था गरिनु पर्नेछ ।<br>● शौचालय चिप्लो, अध्यारो, थुनिने, डरलाग्दो, अग्लो, लड्ने र खतरापूर्ण, फोहोर, किरा जीवजन्तु लुक्ने किसिमको नभएको हुनु पर्ने ।<br>● शौचालयमा मग, बाल्टिनमा पानी र साबुनको व्यवस्था हुनु पर्नेछ ।<br>● शौचालयको प्रयोगपछि मिचिमिचि हात धुने कुराको सुनिश्चितता गर्नुपर्ने छ । | ● साबुनसहितको पर्याप्त चीसो तातो पानी प्राप्त हुने धारा, उपयुक्त शौचालयको व्यवस्था भएको हुनु पर्ने छ । |
| | **पोषण** | ● बालबालिकालाई खुवाउने खाना खाजा स्थानीय स्तरमा उपलब्ध हुने गरी अभिभावक सचेतीकरण गराइ सन्तुलित आहार पठाउन प्रेरित गराउनु पर्ने छ ।<br>● बालविकास केन्द्रमा प्रवेश गरेका बालबालिकालाई २ वा २.५ घण्टा पछि खाना खाजा खुवाउने व्यवस्था मिलाउनुपर्ने ।<br>● कम्तीमा पनि बालविकास केन्द्रमा दिनमा चार पटक बालबालिकालाई पानी पियाउने व्यवस्था गर्नु पर्ने छ । सन्तुलित आहार तालिका निर्माण गरी टाँस गर्ने । | ● बालबालिकाहरूको पोषण अवस्थाको स्वास्थ्य कार्यकर्ताबाट पाक्षिक रूपमा जाँच गरिएको हुनुपर्ने छ । |
| | **सुरक्षा** | ● बालविकास केन्द्र भित्र वा बाहिर बालबालिकाको शारिरीक तथा मानसिक हानीनोक्सानी हुन सक्ने कुराहरूबाट (जस्तै : सिसा, किला, काट्ने औजारहरू, विषालु औषधीहरू) टाढा राख्नु पर्ने छ ।<br>● बालविकास केन्द्र आउँदा जाँदा अभिभावकले पुऱ्याउन तथा लैजान प्रोत्साहन गर्ने गरेको हुनु पर्ने छ ।<br>● बालबालिकाहरूलाई आफन्त वा आफन्तको सिफारिस भएको व्यक्तिसँग मात्र घर पठाउने र ल्याउने व्यवस्था भएको हुनु पर्ने छ । | ● बालविकास केन्द्र परिसरको अवस्था निगरानी गर्ने गरी सिसिटिभिको व्यवस्था भएको हुनुपर्ने छ । |
| **केन्द्रमा हुनुपर्ने न्यूनतम्** | सिकाइ क्षेत्र अनुसारको सामग्रीहरू<br>क. भाषा | स्वाबलम्बनका सीप, बौद्धिक, सामाजिक, सम्वेगात्मक, भाषिक, शारीरिक विकाससँग सम्बन्धित खेलौनाहरू बालविकास केन्द्रमा हुनु पर्ने छ । बालबालिकाहरूलाई क्रियाकलापमा संलग्न गराउन वास्तविक सामग्रीहरू झल्काउने स–साना निम्न | ● प्रत्येक कुनामा बालबालिका को एक समूह (५ जना) का |

| क्षेत्र | उप-क्षेत्र | न्यूनतम् मापदण्ड | आदर्श मापदण्ड |
|---|---|---|---|
| **सामग्री** | ख. गणित<br>ग. अभिनय<br>घ. सृजनात्मक<br>ङ. स्वालम्वन सीप<br>च. विज्ञान<br>छ. निर्माण<br>ज. शारिरीक<br>झ. सञ्चालनका<br>ञ. खेल सामग्री<br>ट. अभिलेख पुस्तिका | खेलौनाहरूको व्यवस्था गरेको हुनुपर्ने छ। यस्ता सामग्रीहरू सिकाइ क्षेत्रअनुसार मिलाएर राखिएको हुनुपर्ने छ । केन्द्रमा हुनुपर्ने न्यूनतम सामग्रहरू जस्तो :-<br>• पुतली, ब्लक, मान्छे, पशु, घर, चरा, स्वस्थ्य चौकी,<br>• विद्यालय आदिको मोडुल पप्सहरू १।१ सेट ।<br>• घडी १ वटा<br>• मौसम चार्ट १ वटा<br>• बार चार्ट १ वटा<br>• नेम कार्ड २५ वटा<br>• २.५ x ५ इञ्चको विषयवस्तु अनुसार डोमिनो कम्तीमा १२ सेट -शरीर, परिवार, चराचुरुङ्गी, बोटबिरुवा, कीराफटेङ्ग्रा, फूल, भाँडावर्तन, जनावर, लुगाफाटा, बाजागाजा, सागसब्जी, माछा आदि)<br>• निम्ना साइजका काठका टुक्रामा तल लेखिएका कुरा समावेश हुनु पर्नेछ ।<br>– ४.५ इञ्च साइजको अक्षर बोर्ड<br>– ६ x ८ इञ्च फ्ल्यास कार्ड विषयवस्तु अनुसारको<br>– प्रत्येक विषयमा ५ ओटा पजल कम्तिमा १२ पिसको पजल १२ किसिमको विषयवस्तुसँग मिल्दो<br>• भान्छाका सामानहरू (चलनअनुसार प्रयोग हुने भाँडावर्तन, डाडु, पन्यू, चम्चा, गिलास, आदि)<br><br>**कपडाका अन्य सामग्रीहरू**<br>• ८ इञ्चको नेपालको झण्डा १ ओटा<br>• ४ रङ्गको कपडाको फित्ता ८ ओटा<br>• हाते रिङ ४ ओटा<br>• कपडाको बिनबाग ४ ओटा (विभिन्न साइजका)<br>• पुतली कम्तिमा २ जोडी<br>• लम्बाइ १६ X २४ इञ्च फलाटिन बोर्ड १ ओटा<br>• २५ ओटा पकेट भएको चार्ट १ सेट<br>• १२ देखि १८ इञ्चसम्मको रबर बल २ ओटा<br>• पपेट १ जोडी<br>• पुतली परिवार १ सेट<br>• झुन्डाउन मिल्ने ३.५X २.५ इञ्चको नाम कार्ड २५ ओटा<br>**पुस्तक/पुस्तिकाहरू**<br>• चित्रकथा किताव – दुई दर्जना<br>• बाल गीतको किताव– १ | • प्रत्येकले प्रयोग गर्न वा खेल्न पुग्ने सामग्री वा एकै प्रकारका सामग्री समूहका (५जना) प्रत्येकलाई पुग्ने गरी<br>• स्थानीय सामग्रीलाई प्रयोग गरी बालबालिकालाई उपयुक्त र आकर्षक हुने किसिमका खेलौना/ सामग्री<br>• बालबालिका हरूलाई तौल लिने र नाप लिने सामग्रीहरू<br>• विभिन्न स्थानीय बाजागाजाहरू<br>• विभिन्न व्यवसायसँग सम्बन्धित नमूना उपकरण सामग्रीहरू<br>• विभिन्न स्थानीय परिवेश अनुसारका भेषभूषा र गरगहनाका नमूनाहरू |

| क्षेत्र | उप-क्षेत्र | न्यूनतम् मापदण्ड | आदर्श मापदण्ड |
|---|---|---|---|
| | | ● बाल कविता किताव– १<br>**अन्य सामग्रीहरू**<br>● स्पर्शका सामानहरू ५ ओटा/जोडाको १ सेट ( खस्रो, चिप्लो, नरम चिज राखेर बनाएको बोर्ड<br>● स्वावलम्वी सीप सिकाउने सामानहरू २ सेट ( जस्तैः तुना बान्ने, इजार बान्ने, फस्नर लगाउने, हुक लगाउने, टाँक लगाउने, डोरी बाँध्ने<br>● विन व्याग ५ ओटा (विभिन्न साईजका)<br>● छनछन आवाज आउने खेलौनाबाजा १ ओटा<br>● विभिन्न आवाजको जोडा मिलाउने वस्तुहरू ४ जोडाको सेट<br>● चेन लाउने जस्ता क्रियाकलाप गराउने मोडल बोर्ड १।१ सेट ।<br>● तराजु, स्केल, माटो, बालुवाजस्ता बच्चाले अभ्यास गर्ने सामग्रीहरूको व्यवस्था गर्ने ।<br>● ऐना १ वटा<br>● स्थानीय ठोस वस्तुहरू , विषयवस्तुअनुसार संकलन गर्ने र सिकाइमा प्रयोग गर्ने ।<br><br>● स्थानीय स्तरमा खेलौनाको रूपमा प्रयोग गर्न सकिने सामग्रीहरू जस्तै :<br>– बाँसका टुक्राहरू<br>– विभिन्न आकार र प्रकारका ढुङ्गाहरू<br>– मकैको खोया<br>– विभिन्न किसिमका वियाहरू<br>– कपडाका टुक्राहरू<br>– काठका टुक्राहरू<br>– नरिवलको खपडा<br>– लप्सी/रिट्ठाका बियाँ<br>– सल्लाको फल, बाँस, निगालो आदि ।<br>**पुस्तक/पुस्तिकाहरू**<br>– ३ नम्बरको भर्ना पुस्तिका - १<br>– बैठक पुस्तिका - १<br>– हाजिरी रजिस्टर - १<br>– लेखा पुस्तिका - १<br>– स्वास्थ्य पुस्तिका - १<br>● हरेक बालबालिकाको निम्ति १।१ ओटा व्यक्तिगत फाइल<br>● २४ गेज अर्थात १८×१२ को १ ओटा पूर्वलेखन अभ्यास पुस्तिका प्रत्येक बालबालिकालाई १।१ ओटा | |

| क्षेत्र | उप-क्षेत्र | न्यूनतम् मापदण्ड | आदर्श मापदण्ड |
|---|---|---|---|
| | | • जुत्ता पालिस गर्ने व्रसहरू, कोट व्रस<br>• आधुनिक प्रविधिका सामग्रीहरू (उपयोग भइसकेका) | |
| **बाहिरी वातावरण** | **बाहिरी खेलका सामग्रीहरू** | • बालबालिकालाई खेल्न उपयुक्त खेल सामग्रीहरूको व्यवस्था भएको-जस्तैः चिप्लेटी, टायरको टनेल, ढिकिच्याउ, पिङ्ग, भऱ्याङ, बलहरू, स्किपिङ, जिगस<br>• बाहिरी सिकाइ क्षेत्र, जस्तै बालुवा, पानीको व्यवस्था भएको । | शीतलका लागि चौरमा रूख र रामोका लागि फूलबारी बगैंचाको व्यवस्था भएको । चौरलाई बालबालिकालाई चोटपटक नहुने गरी सुरक्षित रूपमा घेराबार गरिएको ।<br><br>स्थानीय सिकाइका लागि अध्ययन, अवलोकन भ्रमण विषयवस्तुमा आधारित भएर सञ्चालन गरिएको । |
